# नेपाल धितोपत्र बोर्ड

जावलाखेल, ललितपुर ।

# सवारी साधन खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित: मिति:२०७५।१०।०९)

यस बोर्डको लागि तोकिएको स्पेशिफिकेशन बमोजिम देहाय अनुसारका सवारी साधनहरु सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएको हुँदा उक्त सवारी साधन आपूर्ति गर्न इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलवन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र (सो दिन विदा परे त्यसको भोलिपल्ट कार्यालय खुलेको (पहिलो दिन) दिन कार्यालय समयभित्र यस बोर्डको व्यवस्थापन महाशाखाबाट तपशिल बमोजिमको दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिनेछ ।

| बोलपत्र नं. | सवारी साधनको विवरण | आवश्यक संख्या | बोलपत्र फारम दस्तूर रकम | बोलपत्र जमानत रकम |
|---|---|---|---|---|
| सेबोन ।०१।२०७५।७६ | • Right Hand Four Wheel Drive Hard Top SUV suitable for hilly rough road<br>• Seating capacity for at least 7 passengers including driver<br>• 4-Stroke, water cooled Diesel Engine<br>• Power assisted steering | १ | रु. ३,०००।०० | रु. १,५०,०००।०० |

२. बोलपत्रका साथमा माथि उल्लेख भए बमोजिमको बोलपत्र जमानत (विड बण्ड) वापतको रकम यस बोर्डको नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, बत्तीसपुतलीमा रहेको बोर्डको खाता नं. ०१९०१०३००२२९८७ मा नगदै जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त वाणिज्य बैंकले यस बोर्डको नाममा जारी गरिएको न्युनतम १२० (एक सय बीस) दिनको मान्य अवधि भएको बोलपत्र जमानत संलग्न गर्नु पर्नेछ । साथै यस बोलपत्रको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिले ९० दिनको हुनेछ ।

३. बोलपत्र फारम खरिद गर्न आउंदा बोलपत्रदाताले निवेदनका साथ अद्यावधिक भएको कम्पनी/फर्म दर्ता प्रमाणपत्र, ईजाजत पत्र, आधिकारिक विक्रेताको प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र तथा आर्थिक वर्ष २०७४/०७५ सम्मको कर चुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

४. खरिद भएको बोलपत्र फारम सिलवन्दी गरी खाम वाहिर आफनो कम्पनी/फर्मको नाम, ठेगाना, बोलपत्र नं र सम्पर्क नम्बर स्पष्ट उल्लेख गरी प्रथम पटक सूचना प्रकाशित मितिले ३१ औं दिन मिति २०७५।११।१० गते दिनको १२.०० बजे भित्र (सो दिन बिदा परेमा कार्यालय खोलेको भोलि पल्ट) बोर्डको व्यवस्थापन महाशाखामा दर्ता गरी सक्नुपर्नेछ । सोही दिनको २:३० बजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा सिलवन्दी बोलपत्र यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. बोलपत्रदाताबाट बोलपत्रमा उल्लेखित मूल्य अभिवृद्धि कर (VAT) बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । सो दर रेटमा अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।

६. बोलपत्रदाताले यस सिलबन्दी बोलपत्रमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र यस पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वघोषणा पेश गर्नुपर्नेछ ।

७. बोलपत्रदाताले प्री बिड मिटिङ्गमा सहभागी हुनुपर्नेछ । प्री बिड मिटिङ्ग सूचना प्रकाशित भएको मितिले २१ औं दिन मध्यान्ह दिनको १२.३० मा (सो दिन बिदा परेमा त्यसको भोलि पल्ट) हुनेछ । प्रि विड मिटिङ्गमा सहभागी नभएको कारणले कुनै बोलपत्रदाताले पेश गरेको बोलपत्र मूल्यांकनबाट हटाइने छैन । प्रिविड मिटिङ्ग सम्पन्न भएपछि पनि कुनै बोलपत्रदाताले बोलपत्र खरिद गरी बोर्डमा पेश गरेको छ भने पनि त्यस्तो बोलपत्रलाई समेत मान्यता दिइनेछ ।

८. म्याद नाघि आएको, रीत नपुगेको, शर्त राखि पेश भएको, झूटा विवरण पेश गरेको र बोलपत्र कागजातमा उल्लेख गर्नुपर्ने विवरणहरु उल्लेख नगरेको वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

९. बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस बोर्डमा निहित रहनेछ ।

१०. बोलपत्र सम्वन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख भएका विषयहरु यही बोलपत्र कागजात बमोजिम तथा बोलपत्रमा उल्लेख नभएका विषयहरु सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन समेत), सार्वजनिक खरिद नियमावली, २०६४ (पाँचौ संशोधन समेत) र नेपाल धितोपत्र बोर्ड खरिद सम्बन्धी नियमावली, २०७४ र अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

११. बोलपत्र सम्वन्धमा थप जानकारी चाहिएमा बोर्डको व्यवस्थापन महाशाखा, जावलाखेल, ललितपुर मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । बोलपत्र सम्वन्धी सूचना यस बोर्डको वेबसाईट www.sebon.gov.np मा समेत हेर्न सकिनेछ ।

व्यवस्थापन महाशाखा

जावलाखेल, ललितपुर ।